नेपाल सरकार
शिक्षा मन्त्रालय
**परीक्षा नियन्त्रण कार्यालय**
सानोठिमी, भक्तपुर
(राष्ट्रिय परीक्षा बोर्डबाट प्रत्यायोजित अधिकारबमोजिम खुलाईएको)

# माध्यमिक शिक्षा परीक्षा (कक्षा–१०) २०७४ मा समावेश हुनका लागि आवेदन फाराम भर्ने भराउने सम्बन्धी सूचना

२०७४ सालको एसईई परीक्षामा सामावेश हुनका लागि २०७४सालको शैक्षिक सत्रमा कक्षा १० मा नियमित रुपमा अध्ययनरत विद्यार्थीहरुले (माध्यमिक तहको खुला तथा वैकल्पिक विद्यालय, अनौपचारिक प्रौढ विद्यालय र प्राविधिक धारतर्फका विद्यालयमा अध्ययनरत विद्यार्थीहरु समेत) **२०७४ श्रावण १५ गतेदेखि भाद्र १८ गतेभित्र** आवेदन फाराम भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै विद्यार्थी, विद्यालय, जिल्ला शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा निर्देशनालयको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## १. साधारण तथा प्राविधिक धारतर्फका विद्यालयमा हाल कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूका लागि

हाल कक्षा १० मा नियमित विद्यार्थीको रूपमा अध्ययनरत विदयार्थीहरूले : **(क)** रजिष्ट्रेसनको अर्धकट्टीको प्रतिलिपि **(ख)** शैक्षिक सत्र २०७२ वा सोभन्दा पहिले निम्नमाध्यमिक शिक्षा परीक्षा (कक्षा ८) उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि **(ग)** शैक्षिक सत्र २०७३ वा सोभन्दा पहिले कक्षा ९ उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रतिलिपि र **(घ)** जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (प्रधानाध्यापकबाट प्रमाणित) संलग्न गरी विद्यालय पोशाकमा हालसालै खिचिएको पासपोर्ट साइजको तीन प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी आवेदन फाराम भर्नुपर्नेछ र **२०७४ भाद्र १८ गतेभित्र** सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्ने छ ।

## २. खुला, वैकल्पिक तथा अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि

(क) खुला तथा वैकल्पिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले दूर शिक्षा तथा खुला सिकाइ कार्यक्रम सञ्चालनसम्बन्धी निर्देशिका २०६३ (संशोधन सहित) ले तोकेको सबै सर्तहरू पूरा गरेको सिफारिससहित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी हालसालै खिचिएको पासपोर्ट साइजको तीन प्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भर्नुपर्ने छ र **२०७४ भाद्र १८ गतेभित्र**सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्ने छ । विद्यार्थीहरूले शैक्षिक सत्र २०७१ वा सोभन्दा पहिले निम्नमाध्यमिक शिक्षा परीक्षा (कक्षा ८) उत्तीर्ण गरेको प्रमाणपत्र र जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिसहित पेस गर्नुपर्ने छ ।

(ख) अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले प्रौढहरूका लागि सञ्चालित अनौपचारिक विद्यालय सञ्चालन निर्देशिका २०६५ ले तोकेको सबै सर्तहरू पूरा गरेको सिफारिससहित सम्बन्धित प्रधानाध्यापकले प्रमाणित गरेको कागजात संलग्न गरी पासपोर्ट साइजको तीनप्रति फोटो निर्दिष्ट ठाउँमा टाँसी फाराम भर्नुपर्ने छ र **२०७४ भाद्र १८ गतेभित्र** सम्बन्धित विद्यालयमा बुझाइ सक्नुपर्ने छ ।

३. विद्यालयहरुले उल्लिखित बुँदा नं. १ र २ अनुसार आवेदन फाराम भर्ने विद्यार्थीहरूको नाम, थर, जन्ममिति र परीक्षा दिने विषयहरू ठीकसँग भरे नभरेको रूजु गरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित गरी **२०७४ भाद्र २५ गते भित्रमा** उक्त फाराम जिल्ला शिक्षा कार्यालयमा बुझाइ सक्नुपर्ने छ ।

४. जिल्ला शिक्षा कार्यालयले साधारण, प्राविधिक धार, खुला तथा वैकल्पिक र अनौपचारिक प्रौढतर्फका विद्यार्थीहरूको प्राप्त फाराममा कायम भएको रजिष्ट्रेसन नम्बर रूजु गरी एसईई परीक्षा प्रयोजनको निम्ति सिम्बोल नम्बरसमेत कायम गरी फाराम स्वीकृत गर्नुपर्नेछ । स्वीकृत फारामको जिशिका प्रति (DEO Copy) र प्रवेशपत्र (Student Copy) को भाग जिल्ला शिक्षा कार्यालयमा नै राखी पहिलो भाग (परीक्षार्थीको पूरा विवरण भएको) आफैंले कम्प्युटर Entry (प्राविधिक धार बाहेक) गरी Electronic copy र प्रमाणित Hard copy सहित आवेदन फाराम र समष्टिगत फाराम समेत संलग्न गरी मिति **२०७४ कार्तिक १५गतेसम्ममा** परीक्षा नियन्त्रण कार्यालयमा आइपुग्ने गरी पठाइ सक्नुपर्ने छ । ***सबै प्राविधिक धारतर्फका विद्यालयका विद्यार्थीहरुको रजिष्ट्रेसन नम्बर कायम भएको रजिष्ट्रेसन फाराम र सिम्बोल नम्बर कायम भएको आवेदन फारामको सक्कलै फाइल परीक्षा नियन्त्रण कार्यालयमा कम्प्युटर Entry गर्नका लागि पठाउनु पर्नेछ ।***

५. २०७४ सालको एसईई परीक्षाका लागि आवेदन फाराम भर्ने साधारण तथा प्राविधिक धारतर्फका विद्यार्थीको उमेर २०७४ साल चैत मसान्तसम्ममा **१४** वर्ष पूरा (**२०६० चैत्र मसान्तसम्मको जन्ममिति**) भएको हुनुपर्नेछ ।

६. **आवेदन फाराम भर्ने विद्यार्थीले आफू नियमित रूपमा अध्ययन गरेको विद्यालयबाट मात्र आवेदन फाराम भर्नुपर्नेछ । एकभन्दा बढी विद्यालय वा स्थानबाट फाराम भरेको पाइएमा त्यस्ता दुबैतर्फका फारामहरु रद्द गरिनेछन् । कक्षा १० मा नयाँ भर्ना भएका विद्यार्थीहरूका हकमा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को दफा ८० (२) को प्रावधान पूरा गरेको हुनुपर्नेछ ।**

७. जिल्ला शिक्षा कार्यालयले शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ८० (२) को प्रावधान अनुसार रजिष्ट्रेशन भरेको विद्यालय भन्दा फरक विद्यालयबाट फाराम भर्नुपर्दा दिएको भर्ना अनुमति पत्रको विवरण यसै फाराममा संलग्न गरी परीक्षा नियन्त्रण कार्यालयमा पठाउनुपर्नेछ ।

८. तोकिएको समयभित्र आवेदन फाराम नभर्ने विद्यार्थीहरूले एसईई परीक्षा २०७४ मा सामेल हुन पाउने छैनन् ।

९. नियमित विद्यार्थीहरूको पहिलो प्रति आवेदन फाराम (Application Form) परीक्षा नियन्त्रण कार्यालयमा पठाउने(**आवेदन फाराम पठाउँदा जिशिकाको पत्रसहित विद्यालय कोडको क्रममा विद्यार्थी संख्या समेत उल्लेख गरी पठाउनु पर्ने छ ।**) र दोस्रो जिशिका प्रति (DEO copy) तथा तेस्रो विद्यार्थी प्रति (Student Copy) जिल्ला शिक्षा कार्यालयमा नै राखी विद्यार्थी प्रति (Student Copy) प्रवेशपत्र विद्यार्थीहरुलाई परीक्षाको समयमा उपलब्ध गराउनु पर्नेछ ।

१०. सम्बन्धित सबै क्षेत्रीय शिक्षा निर्देशनालयहरूले यसै सूचना बमोजिम आ-आफ्ना क्षेत्र अर्न्तगतका जिल्लाहरूमा तथ्याङ्क Entry गर्ने गराउने लगायतका आवश्यक व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

११. परीक्षा आवेदन शुल्क बापत लाग्ने राजस्व दस्तुर र उक्त दस्तुर बुझाउने मिति र समयसम्बन्धी सूचना परीक्षा नियन्त्रण कार्यालयले पछि प्रकाशित गर्नेछ । सोही बमोजिम दस्तुर बुझाएको राजस्व भौचरको प्रमाणित प्रतिलिपिको विवरण परीक्षा नियन्त्रण कार्यालयमा उपलब्ध गराउनु पर्नेछ । **राजस्वको विवरण पठाउँदा विद्यालय कोडको क्रममा विद्यालयगत विद्यार्थी संख्या र विद्यालयले बुझाएको राजस्व रकम स्पष्ट खुल्ने गरी पठाउनुपर्ने छ ।**

१२. खुला तथा वैकल्पिक विद्यालय र अनौपचारिक प्रौढ विद्यालयमा अध्ययनरत विद्यार्थीको रजिष्ट्रेसन र आवेदन फाराम छुट्टाछुट्टै तोकिएको समयसीमा भित्रै भर्नु भराउनु पर्नेछ ।

१३. आवेदन फाराम भर्ने विद्यार्थीहरुको विवरण जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयहरुले तोकिएको Software मा विवरण कम्प्युटर Entry गरी गराइ Electronic Copy परीक्षा नियन्त्रण कार्यालयमा तोकिएको समयमा पठाउनु पर्नेछ ।

**यससम्बन्धी सूचना एवम् जानकारी परीक्षा नियन्त्रण कार्यालयको फोनं.०१–६६३०८१९मा सम्पर्क गरेर वा Website www.soce.gov.np हेरेर प्राप्त गर्न सकिनेछ ।**

**नोट : गत विगत वर्षमा जिल्ला शिक्षा कार्यालयमार्फत् प्राइभेट परीक्षार्थीका रूपमा एसईई परीक्षामा सम्मिलित गराउने व्यवस्था भएकोमा शिक्षा नियमावली २०५९ (संशोधनसहित) ले सो परीक्षाको व्यवस्था हटाएको हुँदा प्राइभेट परीक्षार्थीका रूपमा फाराम भर्न भराउन पाइनेछैन ।** *प्रविधिको प्रयोग सम्भव भएका विद्यालयहरुले आफ्ना विद्यार्थीहरुको नाम,जन्ममिति र ऐ.प्रथम र द्वितीय विषयहरु Excel File मा Capital letterमा टाइप गरी निजहरुले बुझाएको राजस्व रकम समेत उल्लेख गरी Electronics copy समेत जिशिकामा बुझाउनुहुन र सो Electronics copy विषयमा* ***आवेदन २०७४****उल्लेख गरी पनिकाको Email: slcoce@hotmail.com मा पनि पठाइदिनुहुन ।*

**नियन्त्रक**